# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ३ | संख्या ९ | मिति २०७६ माघ ३ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

पशु /कृषि सेवा फार्म तथा समुह दर्ता कार्यविधि २०७६

**प्रस्तावना :** पशु /कृषि उत्पादन क्षेत्रलाई निर्वाहमुखीबाट व्यवसायीकरणमा परिणत गर्न र तीव्रतर लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ । यसका लागी पशुपन्छी /कृषिको उत्पादन प्रशोधन तथा बजारीकरण गरी कृषकहरुलाई थप बढी प्रतीस्पर्धी बनाउनको लागी प्रदान गरिने थप सहयोग तथा कार्यक्रलाई अझ प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्ग सम्म पुरयाउन र पशु /कृषि व्यवसायलाई आर्थिक उपार्जन ,स्वरोजगार प्रवर्द्धन एवं गरिबी न्युनीकरणको माध्यमबाट राष्टिय अर्थ व्यवस्थामा ठोस योगदान पुरयाउनुका साथै बढ्दो बैदेशिक पलायनलाई निरुत्साहित गरी यस गाउँपालिकामा कृषि तथा पशु व्यवसायको माध्यमबाट हाम्रो नारा भुम्लुको शान ,सुन्दर ,शान्त ,समृद्ध गाउँपालिका हाम्रो अभियानलाई सफल पार्नका साथै यस गाउँपालिकाको विभिन्न निति तथा कार्यक्रमलाई सहज ,सरल ,पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न भुम्लु गाउँकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यनितिको नाम **पशु /कृषि सेवा फार्म तथा समुह दर्ता कार्यविधि २०७६** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**क)** **गाउँपालिका** भन्नाले भुम्लु गाउँपालिका सम्झनु पर्दछ ।

**ख)** **शाखा** भन्नाले पशु /कृषि शाखा सम्झनु पर्दछ ।

ग) **कार्यालय** भन्नाले भुम्लु गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) **समुह** भन्नाले २५ वा सो वर्ष भन्दा बदी कृषकहरु संगठित भई यस कार्यविधि बमोजिम गठन भएको समुहलाई सम्झनु पर्दछ ।

ङ) **निजि फार्म** भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस शाखामा दर्ता भएको फर्म सम्झिनु पर्दछ ।

च) **कार्यविधि** भन्नाले **पशु /कृषि सेवा फार्म तथा समुह दर्ता कार्यविध** २०७६ सम्झनु पर्दछ ।

३. **उदेश्यहरु :** (१) यस कार्यविधिको उदेश्य देहायबमोजिमको हुनेछ,

क) पशु/कृषि सेवा शाखाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने ।

ख) गाउँ सभाबाट विनियोजित रकमलाई पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने ।

ग) संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने ।

घ) गाउँपालिकालाई दुध मासु र अन्डामा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने ।

ङ) पशु /कृषि व्यवसायको उद्यमशीलता प्रवर्धन एवं व्यवसायीकरण गर्नका लागि अवश्यक प्राविधिक तथा सिपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरुप अनुदान प्रदान गर्ने ।

च) पशु /कृषि व्यवसायबाट उत्पादीत पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्युनिकरण गर्ने ।

छ) पशु /कृषि व्यवसायलाई प्रभावकारी तरिकाले सञ्चालन गर्नको लागी विभिन्न प्रकारका बीउ, रासायिनक मल , कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय समयमा सञ्चालन गर्ने ।

**ज)** पशुपन्छी फार्म /समुह /मासु पसल /डेरी पसल /एग्रोभेट /दाना पसल पशु सेवा शाखामा अभिलेख राखी तिनीहरुको नियमन ,प्रबर्धन र अनुगमन गर्न ।

झ) गाउँ सभा बाट स्वीकृत पशुपन्छी फार्म प्रबर्धन र पशुपन्छी बजार प्रबर्धन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वन गर्न ।

## परिच्छेद-२

## पशुपन्छी फर्मको वर्गीकरण

४. **<u>व्यवसायिक पशु पन्छी फार्मको वर्गिकरण</u> :** (१) व्यवसायिक गाईभैसी फार्मलाई देहाय बमोजिम वर्गीकरण गर्न गर्नुपर्नेछ :

**क. साना व्यवसायिक गाईभैसी फार्म**

५-१० वटा गाई /भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

**ख. मझौला व्यवसायिक गाईभैसी फार्म**

११-२० वटा सम्म वटा गाई /भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

**ग. ठुला व्यवसायिक गाई भैसी फार्म**

२१ भन्दा माथी गाई /भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका फार्मलाई मानिने छ ।

(२) **व्यवसायीक बाख्रा फार्मलाई देहाय बमोजिम वर्गीकरण गर्न गर्नुपर्नेछ**

**क. साना व्यवसायिक बाख्रा फार्म**

१०-२० स्थानीय माउ बाख्रा वा ५ वोयर बाख्रा पालन गरी व्यवसाय शुरु गरेका फार्मलाई मानीने छ ।

**ख. मझौला व्यवसायिक बाख्रा फार्म**

२१-४० स्थानीय माउ बाख्रा वा १० वोयर बाख्रा पालन गरी व्यवसाय शुरु गरेका फार्मलाई मानीने छ ।

**ग. ठुला व्यवसायिक बाख्रा फार्म**

४१ भन्दा माथी स्थानीय माउ बाख्रा वा ३० वोयर बाख्रा पालन गरी व्यवसाय शुरु गरेका फार्मलाई मानीने छ ।

(३) **व्यवसायीक बंगुर फार्मलाई देहाय बमोजिम वर्गीकरण गर्नुपर्नेछ**

**क. साना व्यवसायिक बंगुर फार्म:**

पाठापाठी उत्पादनको लागि भए ५-१० वटा माउ र मासु उत्पादको लागि भए १० वटा बंगुर पालन गरी व्यवसाय शुरुगरेका फार्मलाई मानीने छ ।

**ख. मझौला व्यवसायिक बंगुर फार्म:**

पाठापाठी उत्पादनको लागि भए ११-१५ वटा माउ र मासु उत्पादको लागि भए ४५ वटा बंगुर पालन गरी व्यवसाय शुरु गरेका फार्मलाई मानीने छ ।

**ग. ठुला व्यवसायिक बंगुर फार्म:**

पाठापाठी उत्पादनको लागि भए १६ देखी माथी माउ र मासु उत्पादको लागि भए ४५ देखी माथी बंगुर पालन गरी व्यवसाय शुरु गरेका फार्मलाई मानीने छ ।

(४) **व्यवसायीक कुखुरा फार्मलाई देहाय बमोजिम वर्गीकरण गरिनेछ**

**क. साना व्यवसायिक कुखुरा फार्म:**

५००-१००० वटा ब्रोईलर वा लेयर्स कुखुरा पालन गरि व्यवसाय संचालन गरिरहेका फार्मलाई मानीने छ ।

**ख. मझौला व्यवसायिक कुखुरा फार्म:**

११००-३००० वटा ब्रोईलर वा लेयर्स कुखुरा पालन गरि व्यवसाय संचालन गरिरहेका फार्मलाई मानीने छ ।

**ग. ठुला व्यवसायिक कुखुरा फार्म:**

३१०० भन्दा माथि ब्रोईलर वा लेयर्स कुखुरा पालन गरि व्यवसाय संचालन गरिरहेका फार्मलाई मानीने छ ।

## परिच्छेद ३

## पशुपन्छी फार्म /समुह /मासु पसल /डेरी पसल /एग्रोभेट /दाना पसल पशु सेवा शाखामा दर्ता प्रक्रिया

५. पसल/ समुह दर्ता गर्न सकिने : (१) देहायका मापदण्ड पुगेका पसलहरु दर्ता गरिनेछ ,

(क) **मासु पसल :** दैनीक २० के.जी भन्दा बढी मासु बिक्री गर्ने मासु पसल लाई दर्ता प्रक्रियामा लगिने छ ।

(ख) **डेरी पसल :** दैनीक ५० के.जी लिटर भन्दा बढी दुध बिक्री गर्ने डेरी पसल लाई दर्ता प्रक्रियामा लगिने छ ।

(ग) **एग्रोभेट पसल :** आधिकारीक प्रमाण पत्र सहित खोलिएका एग्रोभेटहरुलाई शाखामा दर्ता गरिने छ ।

(घ) **समुह :** २५ वा सो भन्दा बढी कृषकहरु संगठित भई कुनै विशेष काम जस्तै बाख्रापालन , गाई भैसीपालन , कुखुरा पालन गरिरहेको समुहलाई दर्ता प्रक्रियमा लगिने छ ।

(ङ) **मासु व्यवसायी संघ :** गाउँपालिका भित्र मासु पसलहरुलाई एकरुपता ल्याउनको लागी गाँउपालिका स्तरीय मासु व्यवसायी संघलाई बिद्यान सहित दर्ता पशु सेवा शाखामा दर्ता गरिने छ ।

६. **पशु तर्फ समुह तथा फार्म दर्ता प्रकिया** : (१) पशु तर्फका समुहहरु देहाय बमोजिम दर्ता गर्न सकिनेछ,

(क) **समुहको लागि**

- २५ वा सो भन्दा बढी सदस्यको समुह गठन
- समुह गठन सम्बन्धी बैठकको निर्णय
- समुह दर्ताको लागि समुहबाट जिम्मेवारी किटान भएको नाम सम्बिन्ध निर्णय र निजबाट रु१० को टिकट सहित समुह दर्ता गरि पाउँ भन्ने निवेदन ।
- समुहको विधान २ प्रति ।

- समुह सदस्यहरुको व्यक्तिगत विवरण ।
- समुह सदस्यहरुको नागरीकताको प्रतिलिपि ।
- समुह अध्यक्षको पासपोर्ट साइजको फोटो २ प्रति ।
- वडा कार्यालयको सिफारिस
- समुहको छाप

**(ख)फार्मको लागि**

- निवेदन
- नागरिकताको प्रतिलिपि
- २ प्रति पासपोर्ट साईजको फोटो
- चौकील्ला प्रमाणित पत्र
- जग्गा भाडामा भए सो को सम्झौता पत्र
- व्यक्तिगत वा संगोलको भएमा स्वघोषाणा /मञ्जुरीनामा
- फार्मको छाप
- राजस्व शाखामा राजस्व बुझाएको रसिद
- सम्बन्धित वार्डको सिफारिस

**नोट :**

- दर्ता भएको फार्म /एग्रोभेट /डरी पसल /मासु पसल /समुह /संघ लाई पशु सेवा शाखाले आधिकारिक प्रमाण पत्र उपलब्ध गराउने छ ।
- दर्ता भएको फार्म /एग्रोभेट /डरी पसल /मासु पसल /समुह /संघले प्रत्येक २ वर्षमा नवीकरण गर्नु पर्ने छ ।

- दर्ता भएको फार्म /एग्रोभेट /डरी पसल /मासु पसल /समुह /संघको समय समायमा अनुगमन गरिनेछ र कानुन विपरित कामकाज गरेको पाईएमा तुरुन्त कारबाही प्रकियामा लगिनेछ ।

७. **कृषि तर्फ समुह तथा फार्म दर्ता प्रक्रिया :** (१) कृषि तर्फका समुह तथा फार्महरुलाई देहाय बमोजिम दर्ता गर्न सकिन्छ ।

**(क) समुहको लागि**

- निवेदन
- २५ वा सो भन्दा बढी सदस्यको समुह गठन
- समुह गठन सम्बन्धी बैठकको निर्णय
- समुह दर्ताको लागि समुहबाट जिम्मेवारी किटान भएको नाम सम्बिन्ध निर्णय र निजबाट रु१० को टिकट सहित समुह दर्ता गरि पाउँ भन्ने निवेदन ।
- समुहको विधान २ प्रति ।
- समुह सदस्यहरुको व्यक्तिगत विवरण ।
- समुह सदस्यहरुको नागरीकताको प्रतिलिपि ।
- समुह अध्यक्षको पासपोर्ट साइजको फोटो २ प्रति ।
- वडा कार्यालयको सिफारिस
- समुहको छाप

**(ख) फार्मको लागि**

यस गाउँपालिका भित्रका कृषि पेशा गर्दै आएका अगुवा कृषकले आफ्नो फार्म गाउँपालिकामा दर्ता गर्न चाहेमा कृषि शाखाबाट

फिल्ड अवलोकन गरी फार्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि शाखामा फार्म दर्ता गरिने छ ।

**न्युनतम मापदण्ड**

- तरकारीको लागि ५ वटा प्लाष्टिक टनेल भएको ।
- मौरीको लागि २५ वटा घार भएको ।
- च्याउको लागि ५ वटा च्याउ घर भएको ।
- माछाको लागि ५ वटा पोखरी भएको ।

**दर्ता प्रक्रिया**

- निवेदन
- नागरिकताको प्रतिलिपि
- २ प्रति पासपोर्ट साईजको फोटो
- चार कील्ला प्रमाणित पत्र
- जग्गा भाडामा भए सो को सम्झौता पत्र
- व्यक्तिगत वा संगोलको भएमा स्वघोषाणा /मञ्जुरीनामा
- फार्मको छाप
- राजस्व शाखामा राजस्व बुझाएको रसिद
- सम्बन्धित वार्डको सिफारिस

**आज्ञाले,**
**मदन कुमार बजगाई**
**प्रमुख प्रशासकीय अधिकृत**